**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७७।०७८ सालको निर्णय नं.३९

पुनरावेदन नं. ०७६-RB-०००९

**मुद्दाः– बढी भन्सार मुल्यांकन (M११५३५)**

जिल्ला भक्तपुर मध्यपुर थिमी न.पा.वडा नं १५ कौशलटार स्थित क्षमादेबी आल्मुनियम प्रोफाईल प्रा.लि. को अख्तियारी प्राप्त संचालक निरन्जनकृष्ण श्रेष्ठ.......................१ } पुनरावेदक

**विरुद्ध**

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं...................................१
श्री बीरगंज भंसार कार्यालय, वीरगंज, पर्सा....................................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- श्री वीरगंज भन्सार कार्यालय

शुरु कार्यालयको निर्णय मितिः–२०७५/११/१९

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

मूल्य पुनरावलोकन गर्ने कार्यालय :- मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौं

मूल्य पुनरावलोकन निर्णय मिति : २०७६/०१/२२

श्री मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट भएको मिति २०७६/०१/२२ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एंवम् ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्ताले भन्सार विन्दुमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम मिति २०७५।११।१७ मालवस्तुको मूल्य निर्धारण गर्न पेश गरेको बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य आसिकुडा डाटावेश, अन्य सूचना प्रणाली, अन्य पैठारीकर्ताहरुले गरेको कारोवार मूल्य तथा लोकल मूल्यबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा ६ बमोजिम पैठारी गरी ल्याएको मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु पेश गर्न विरगंज भन्सार कार्यालयले मिति २०७५।११।१८ मा पत्राचार गरेको।

२. पुनरावेदकले पत्रको जवाफ साथ पेश गरेको थप कागजात तथा प्रमाणहरु र आसिकुडा अभिलेखसमेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था नदेखिएको, घोषित मूल्यको सत्यता पुष्टि हुन नसकेकोले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएकोले उपयुक्त र प्राप्त प्रमाण अनुसार दफा १३(१२) बमोजिम मूल्य निर्धारण गर्नुपर्ने भएकोले पैठारी हुन आएको मालवस्तुको जम्मा विजकको मूल्य **USD** ३.२० प्रति के.जी.मा कारोबार खर्चसमेत रु.१,६७,८६४।— समायोजन गरी कारोबार मूल्य कायम गरेको भन्ने वीरगंज भन्सार कार्यालयको मित २०७५।११।१९ को निर्णय।

३. प्राप्त कागजातहरुको अध्ययन गर्दा, वीरगंज भन्सार कार्यालयबाट मिति २०७५।११।१९ मा भएको निर्णय कानून सम्मत देखिंदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।२२ मा भएको निर्णय ।

४. पुनरावेदक पैठारीकर्ताले **SHANDONG HUAJIAN ALUMINIUM CO.LTD, CHINA** बाट **Anodized Aluminum Profile** को मूल्य भन्सार ऐन २०६४ को दफा १३(३) को प्रयोजनको लागि मूल्य घोषणा गरेकोमा प्रत्यर्थीले पैठारीकर्ताले पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन २०६४ को दफा १३(२) बमोजिम भन्सार मूल्य कायम हुन नसकेको भनि पैठारी भएको सामानको **Proforma Invoice, Commercial Invoice** तथा **Letter Of Credit** समेत पेश भएकोमा स्पष्ट आधार र प्रमाणको विश्लेषण एवम् विवेचना नगरी पैठारीकर्ताले घोषणा गरेको मूल्यमा वृद्धि गरी कारोबार मूल्य कायम गरेको भनिएको, पैठारी गरेको सामानको मूल्य हरेक घण्टा फरक हुने गरेकोमा उस्तै समय भित्रको अभिलेखलाई आधार मानी मेरो भनाई

समेत राख्ने मौका नदिई हचुवाको भरमा एक पक्षीय रुपमा कारोबार मूल्य वृद्धि गरी भन्सार असुल गरेको प्रत्यर्थीको निर्णय त्रुटिपूर्ण रहेकोले कारोबार मूल्यलाई मान्यता नदिई सोमा वृद्धि गरी पुनरावेदकबाट भन्सार महसुल, अतिरिक्त महशुल तथा मु.अ.कर. समेत असुल गर्ने गरी गरेको निर्णय बदर गरी उपरोक्त बमोजिम राखेको धरौटी रकम जम्मा रु. ५,३६,२६५।— (पाँच लाख छत्तीस हजार दुई सय पैतालिस रुपैयाँ) फिर्ता दिनु भन्ने आदेश सहित न्याय इन्साफ गरी पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक क्षमादेबी आल्मुनियम प्रोफाईल प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र।

५. मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ प्रत्यर्थी झिकाउने गरी मिति २०७६।१०।२४ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकतर्फबाट उपस्थित विद्‌वान अधिवक्ता श्री नारायण नेपालले आल्मुनियम झ्याल ढोकाको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरिकन फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट भएको निर्णय बदरभागी छ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

७. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म निर्यात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान भएको पाईन्छ। Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गरेको हुन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ । Asycuda प्रणालीबाट नै विजक मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसार हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णयतर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी आल्मुनियम प्रोफाइल प्रा.लि.ले प्रज्ञापन पत्र नं. M११५३५ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति के.जी.यु.एस.डलर २.६० रहेको भनि पेश भएको विजक Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना अनुसारको मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएकोले उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा १२ बमोजिम प्रति के.जी. अमेरिकी डलर ३.२० के.जी. मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो ।

१०. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भंसार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M११५३५ मार्फत आल्मुनियम मालबस्तु पैठारी गरिएको देखिन्छ। उक्त मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले भंसार ऐन,२०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालवस्तुको मूल्य निर्धारण गर्न पेश गरेको विजक मूल्य, Asycuda Database लगायत अन्य प्रणालीहरुबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा (६) बमोजिम उक्त मालवस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तुको आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिन आएन।

११. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम मालबस्तुको कारोबार मूल्य निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD ३.२० प्रति के.जी. मा आयात भएको देखिएको भनि भन्सार ऐन २०६४ को दफा १३ को उपदफा १२ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD ३.२० प्रति के.जी. लाई अन्यथा भन्न सकिने आधार प्रमाण देखिएन।

१२. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी आल्मुनियम प्रोफाईल प्रा.लि ले प्र.द.नं.M११५३५ बाट पैठारी गरेको Anodized Alumunium Profile को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।२२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु..........................................................................................१
- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु....................................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु..............................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने डिठ्ठाः सुनिता थापा

इति सम्वत् २०७७ साल पुष महिना २७ गते रोज २ शुभम् ......................................